जि.प्र.का.महोत्तरी दर्ता न.५४-२०७८ -०७९

समाज , राष्ट्र र जनताको विकासको लागि

GAUSHALA KHABAR NATIONAL DAILY

# गौशाला खबर

राष्ट्रिय दैनिक

वर्ष ३ | अंक १६७ | १६ चैत्र २०८०, शुक्रबार | 29 Mar. 2024 | पृष्ठ ४ | मुल्य रु.५

## भ्रामक समाचार प्रति नगर प्रमुख क्षेत्रीको गम्भीर ध्यानाकर्षण

***ममता शर्मा***

***महोत्तरी , चैत्र १५ गते***

बर्दिबास नगरपालिकाका नगर प्रमुख प्रह्लाद कुमार क्षेत्रीले भ्रामक समाचार सम्प्रेषण गरेप्रति गम्भीर ध्यानाकर्षण भएको बताएका छन्। नगर प्रमुख क्षेत्रीले गत मंगलबार न्युजप्रवाह डटकम अनलाइनमा प्रकाशित 'मधेसमा माओवादीको ओरालो यात्रामा भरत साहको भूमिका' नामक समाचारमा आफ्नो नाम समेत जोडेर भ्रामक समाचार उल्लेख गरिएको आरोप लगाएका छन् उल्लेखित समाचार छापिएका समाचार तथ्य बिपरीत, कपोकल्पीत र पूर्ण गलत रहेको भन्दै सामाजिक संजालमार्फत आपत्ति जनाएका छन् ।



उनले सामाजिक संजालमा लेखेका छन् , " मिति २०८० चैत्र १३ गते मंगलबारको दिन न्युजप्रवाह (News Prabaha) अनलाईन खबरका पत्रकार विशाल वस्नेतले पत्रकारको धर्म र कर्म बिपरीत नितान्त पूर्वाग्राही र अरूको प्रभावमापरी कपोकल्पित र मनगढंन्ते कहानी बनाई ब्यक्तिगत मानमर्दन हुने किसिमको समाचार लेखेको कारण गम्भिर ध्यान आकर्षण भएको छ। छापिएका समाचार तथ्य बिपरीत, कपोकल्पीत र पूर्ण गलत छ। त्यसैले यो भ्रमित र कपोकल्पित समाचारको भर्त्सना गर्दै पत्रकारीताको मर्म र धर्म अनुरूप पत्रकारीता गर्न हुन यसै पत्रबाट अनुरोध पनि गर्दछु। धन्यवाद!"

**गत मंगलबारको समाचार यस्तो छ :**

केही समयअघि उनी र आफूलाई माओवादीको सैद्धान्तिक नेता बताउने अनिल बस्नेत युरोप घुम्न गएको चर्चा अझै सेलाएको छैन। यसभित्रको अन्तर्य पनि माओवादी नेता, कार्यकर्ताहरूले खोजेका छन् । शीर्ष नेताहरूको अगाडि, पछाडि पर्दै फोटो खिचेर फेसबुके नेताका रूपमा चिनिएका बस्नेतलाई उपयोग गरेर अहिले साहले केही स्वार्थ पूरा गरिरहेको नेता, कार्यकर्ताहरूको निष्कर्ष छ । उनै बस्नेतले बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रह्लादकुमार क्षेत्रीलाई प्रयोग गरेर युरोप भ्रमणमा गएको खुलासा भएको छ । नगर प्रमुख क्षेत्रीले नै युरोप पठाएको नेता साहले मधेस प्रदेशको एक बैठकमा समेत खुलासा गरेका छन् ।'बैठकमा भ्रमणको विषयमा कुरा उठ्यो । उहाँले पनि स्वीकार गर्नुभयो कि बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रह्लादकुमार क्षेत्रीले पठाएको भनेर,' बैठकमा सहभागी एक नेताले भने, 'थप भित्री अन्तर्यहरू खोतल्छौं ।'युरोप भ्रमण सकेर फर्किएका साह र बस्नेत एकैपटक बर्दिवास नगरपालिकाको नगरसभामा देखिएका थिए । नेपाली कांग्रेसबाट बागी वनेर निर्वाचित भएका नगर प्रमुख क्षेत्री आफैं पछिल्लो समय विभिन्न विकृतिहरूको पक्षपोषण गरेको भन्दै आलोचित भइरहेका छन्


## कतारका वैदेशिक रोजगारीको लागि सुवर्ण अवसर

**कम्पनि : A TO Z SERVICES**

कामदारको पद

OFFICE BOY

TEA BOY

CLEANER

Required : 100 Nos

SALARY: 1000+300 QR

**MORE DETAILS**

DUTY TIME: 8HRS 26 DAYS

BASIC ENGLISH SPEAKING







**FINAL ENTERVIEW**

**2080 चैत्र 13,14,15 गते**

NEW RAM JANAKI TRANING CENTER

BARDIBAS –14MAHOTTARI

9817838138,9862251067,9800863131,9802003638,9802003637

## दिपक पार्टी प्यालेस एण्ड होटल

बर्दिबास -१ महोत्तरी (नगरपालिका भवनदेखि उत्तर



*यहाँ विवाह ब्रतबन्धन ,सभा सम्मेलन ,सेमिनार,गोष्ठी आदि कुनै पनि शुभ कार्यको लागि ५०० भन्दा बढी अट्ने सभाहल,पार्किंगको राम्रो व्यवस्था ,सुलभ मूल्यमा खान बस्नको व्यवस्थाको साथै रेष्टुरेन्टको पनि व्यवस्था रहेको छ।*

टेन्ट क्याट्रींग सम्बन्धि इन्डोर आउटडोरको सम्पूर्ण सेवा सुविधा उपलब्ध छ।

सम्पर्क : ९८५४०२९४२६,९८०४८३८९२६

## भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो

### श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय

गौशाला न.पा. -५ , महोत्तरी

### Diploma in civil Engineering (class 9 to 12 )

**हाम्रा विशेषताहरु :**

- दक्ष अनुभवी र प्राप्त शिक्षक एवं प्रशिक्षक द्वारा अध्यापन गराइने ।
- जेहेनदार , दलित अपाङ्ग विद्यार्थीहरुको निमित्त छात्र वृत्तिको व्यवस्था ।
- कक्षा कोठामा CCTV CAMERA / PROJECTOR को व्यवस्था ।
- कम्प्युटर ल्यावको व्यवस्था भएको ।
- विज्ञान एवं इन्जिनियरिंग ल्याबको व्यवस्था भएको ।
- Physics ,chemistry , soil mechanics , fluid mechanics , survey and structural lab.
- समय समयमा शैक्षिक भ्रमण गराइने ।
- प्रवेश परिक्षामा प्रथम , द्वितीय , तृतीय गर्ने छात्र छात्रालाई १००% ,५०%, २५% छात्रवृत्तिको व्यवस्था (एक वर्षको लागि ) ।



**आवश्यक कागजातहरु :**

कक्षा ८ को प्रवेश पत्रको प्रतिलिपि -१ थान

जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि - १ थान

पि. पि. साईज फोटो - २ थान

फारम भर्ने मिति २०८० चैत्र १० गते देखि २०८० चैत्र २५ गते सम्म

Entrance preparation class = chaitra 25 27 28

परिक्षा मिति : २०८० चैत्र २९ गते विहिबारको दिन

### श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय

गौशाला न.पा. -५ , महोत्तरी

प्र.अ. विनोद महतो
Mob 9814800989

Co–ordinator : Er Pappu Er Roshan
Mob 9801674850

# सम्पादकीय

**सामाजिक संजालको प्रयोग सचेतपुर्वक गरौँ**

सामाजिक संजालको प्रयोग अहिले व्यापक छ । तर यसको प्रयोग सचेततापुर्वक प्रयोग गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।विश्वका विकसित मुलुकहरुले सामाजिक सञ्जालको दुरुपयोग हुनथालेपछि त्यसको नियमन गर्दै जनतालाई सचेत गराएको भएपनि नेपाल लगायतका अविकसित मुलुकमा भने सञ्जालको प्रयोगलाई नियमन गरेको पाइँदैन । आज कुनै मानिसलाई कसैसित रिस उठ्यो भने रिस पोख्ने भाँडो नै सामाजिक सञ्जाल भएको पाइन्छ ।

सामाजिक सञ्जालमा देखिएको छाडातन्त्रलाई समयमा नै नियमन नगर्ने हो भने नेपाली समाजले ठूलो दुर्गति भोग्नुपर्ने अवस्था सिर्जना हुने विज्ञहरुको धारणाप्रति सरकारको ध्यान जानु आवश्यक देखिन्छ । सामाजिक सञ्जालको प्रयोगमा आएको उछृंखलतालाई नरोक्ने हो भने यसमा समाजमा पार्ने असर र त्यसले उत्पन्न गर्ने विकृतिले मुलुकलाई कता लैजाला यो अनुमान लगाउन सकिन्न ।

सबै कुरा बिग्रिएपछि पछुताउनुभन्दा अघि नै यस्ता खालका विकृतिलाई रोक्न राज्य निर्मम बन्नैपर्दछ । मिलेर बसेको नेपाली समाजलाई खलल पार्ने अधिकार कुनै पनि व्यक्ति वा समूहलाई छैन । अश्लील शब्दको भरमार प्रयोग, बालबालिका र महिलालाई यौन-वस्तुका रुपमा सम्प्रेषण, आधारहीन मानर्दन र आक्रोश नेपाली सभ्य समाजका लागि कसरी पाच्य हुनसक्छ ? यसको अर्थ आम नागरिकको अभिव्यक्तिको यस साधनलाई रोक्नुपर्छ भन्ने होइन, त्यसो गर्नुहुन्न, तर नियमन भने गर्नैपर्दछ ।

## हिरासतबाटै दिए विद्यार्थीले एसइई



सर्लाही, चैत १५ गते ।

सर्लाहीको हरिवनस्थित इलाका प्रहरी कार्यालयको हिरासतमा रहेका एक किशोरले प्रहरी कार्यालयबाटै माध्यमिक शिक्षा परीक्षा (एसइई) दिएका छन् । आत्महत्या दुरुत्साहन मुद्दामा दुई सातादेखि हरिवन प्रहरीको हिरासतमा रहेका हरिवन नगरपालिका-९, स्थित ज्ञानज्योति आवासिय विद्यालयका एक प्रशिक्षार्थीले प्रहरी कार्यालयबाटै एसइई दिएका हुन् । ज्ञानज्योतिको परीक्षा केन्द्र श्री ५ महिन्द्र जनता माध्यमिक विद्यालय बागमती नगरपालिका-११, कमैंयामा तोकिएको छ । परीक्षा केन्द्रसँग समन्वय गरी प्रहरी कार्यालयमा नै कोठा व्यवस्थापन गरी ती किशोरलाई परीक्षा दिने व्यवस्था मिलाइएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक अनिलराज गिरीले जानकारी दिनुभयो । प्रहरी निरिक्षक गिरीका अनुसार ती किशोर आमाको मृत्युपछि आत्महत्या दुरुत्साहन मुद्दामा अनुसन्धानका लागि प्रहरी हिरासतमा छन् । यही मुद्दामा किशोरका बुवासमेत प्रहरी हिरासतमै रहेका हरिवन प्रहरीले जनाएको छ ।

## महोत्तरीमा सामुदायिक विद्यालयबाट एसइईमा सहभागी छात्रा अधिक



*महोत्तरी, चैत १५ गते ।*

माध्यमिक शिक्षा परीक्षा (एसइई)मा महोत्तरीका सामुदायिक विद्यालयबाट यस वर्ष छात्रको तुलनामा बढी छात्रा सहभागी भएका छन् । जिल्लाका एक सय दुई सामुदायिक विद्यालयबाट चार हजार एक सय ४९ छात्रा एसइईमा सहभागी भएका हुन् । सामुदायिक विद्यालयका कुल परीक्षार्थीमा छात्रको सङ्ख्या तीन हजार नौ सय आठ रहेको शिक्षा विकास तथा समन्वय एकाइ कार्यालयले जनाएको छ ।

संस्थागत र प्राविधिक समूहतर्फ भने छात्रको सङ्ख्या बढी छ । जिल्लाका ३० संस्थागत विद्यालयबाट एसइईमा चार सय ७७ छात्र सहभागी छन् । यिनमा छात्राको सङ्ख्या दुई सय ९७ मात्र छ । यसैगरी प्राविधिक समूहतर्फ पनि छात्र बढी छन् । प्राविधिक समूहतर्फ तीन सय २६ छात्र र छात्रा एक सय ५८ छन् । जिल्लाका एक सय दुई सामुदायिक तथा ३० संस्थागतसमेत एक सय ३२ माध्यमिक विद्यालयका जम्मा नौ हजार चार सय ३१ परीक्षार्थी एसइईमा सामेल भएका छन् ।

परीक्षार्थीमध्ये छात्र चार हजार सात सय ७० र छात्रा चार हजार छ सय ६१ रहेका शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय महोत्तरीका निमित्त प्रमुख प्रतिभा साहले जानकारी दिनुभयो । रासस

## गाउँपालिकामा तालाबन्दी

*सप्तरी, चैत १५ गते ।*

सप्तरीको अग्निसाइर कृष्णासवरन गाउँपालिकामा सार्वजनिक जग्गा व्यक्तिको नाममा पास गर्न सघाएको विरुद्धमा गाउँपालिका कार्यालयमा तालाबन्दी गरिएको छ । गाउँपालिकास्थित गठित बेतिथि विसङ्गतिविरुद्धको सङ्घर्ष समितिद्वारा गाउँपालिकाको कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेको हो । सङ्घर्ष समितिका संयोजक अरुणकुमार चौधरीलगायत समितिका पदाधिकारी तथा स्थानीयवासीले गाउँपालिकाको मूल गेटमा ताला लगाएर गाउँपालिका अगाडि धर्ना दिएका छन् ।गाउँपालिका अध्यक्ष दिनानाथ चौधरीको स्वेच्छाचारी निर्णयबाट व्यक्तिको नाउँमा पास भएको इटहर्वा बजार कलौनी सीतापुरको सार्वजनिक जग्गा फिर्ता नभएसम्म तालाबन्दी सहितका आन्दोलनको कार्यक्रम जारी राख्ने सङ्घर्ष समितिका संयोजक चौधरीले बताउनुभयो ।

यसअघि कार्यपालिकाको निर्णयविपरीत गाउँपालिका अध्यक्ष चौधरीले मालपोत कार्यालय सप्तरीलाई जग्गा रोक्का तथा चारकिल्ला सिफारिस गरिएकोले संशोधनसहित जग्गा रोक्का राख्नेसहितका आफुहरुसित भएको सम्झौताविपरीत व्यक्तिको नाउँमा सार्वजनिक जग्गा पास गरेको विरुद्धमा आन्दोलनमा उत्रिन बाध्य भएको सङ्घर्ष समितिका संयोजक चौधरीले जानकारी दिनुभयो । उहाँले गाउँपालिका अध्यक्ष चौधरीले मोटो रकम लिएर कार्यपालिकाको निर्णयबाट रोक्का राखिएको जग्गा फुकुवा सिफारिस गरेको आरोप लगाउनुभयो ।

गाउँपालिका कार्यालयमा बिहान १० बजेदेखि तालाबन्दीको कारण कार्यालयका कर्मचारीहरु बाहिरै बसेका छन् । तालाबन्दीका कारण गाउँपालिकाको सम्पूर्ण सेवा प्रभावित भएको स्थानीयबासी बेचन मण्डलले सञ्चारकर्मीलाई जानकारी दिनुभयो । सङ्घर्ष समितिका सल्लाहकार तुलसी चौधरीका अनुसार साङ्केतिक रुपमा बिहीवार साढे १२ बजेदेखि १ बजेसम्म सडक अवरुद्ध गर्ने र यसलाई निरन्तरता दिदै प्रतिदिन आधाघण्टा बढाएर सडक जाम गरिने जानकारी दिनुभयो । गत फागुन १६ गते आन्दोलनरत पक्षसँग भएको सहमति कार्यान्वयनबाट अध्यक्ष चौधरीले पछि हट्दै मालपोत कार्यालयलाई पत्र नपठाएपछि उक्त जग्गा चैत २ गते व्यक्तिको नाममा पास भएको कारण आफूहरु आन्दोलनमा उत्रिनुपरेको सङ्घर्ष समितिका सदस्य सचिव एवम् इटहर्वा बजार व्यवस्थापन समितिका अध्यक्ष मिलन चौधरीले जानकारी दिनुभयो ।


विज्ञापन गराउन

कुनै पनि संघ संस्था तथा व्यवसायको रेडियोबाट विज्ञापन गराउन तथा जिंगल बनाउनको लागि सम्झनुहोस ।

विस्तृत जानकारीको लागि

रेडियो जुनतारा१०३.४ मेगाहर्ज

गौशाला महोत्तरी

सम्पर्क नम्बर :९८२७८५३६५०

मार्केटर : संजय कुमार साह

सम्पर्क न. :९८२९९३६३९८



भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

सिद्धार्थ वाल सदन इंगलिस बोर्डिंग स्कूल

भंगहा न.पा. ७ गोरहन्ना बजारमा

भर्ना खुल्यो

NEW ADMISSION OPEN

हाम्रा विशेषताहरु

- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई
- छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था
- यातायातको व्यवस्था
- स्कूलको आफ्नै भवनमा पठनपाठनको व्यवस्था
- नर्सरी कक्षा देखि ८ कक्षा सम्मको व्यवस्था
- प्रत्येक कक्षाकोठामा अअकेमरको व्यवस्था



थप जानकारीको लागि

सिद्धार्थ वाल सदन इंगलिस बोर्डिंग स्कूल


भंगहा न.पा. ७ गोरहन्ना बजार

प्रिन्सिपल :वद्री राय दनुवार ,९७०२९०७००५ ,९८२७७०४१३३


## आवश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | २५०१९९ |
| इलाका प्रहरी कार्यालय ,गौशाला | ५५६१०० |
| नेपाल पत्रकार महासंघ ,महोत्तरी शाखा | ५२०५१५ |
| प्राथमिक स्वास्थ्य ,गौशाला | ९८४४२९५९७० |
| बर्दिबास अस्पताल | ५५००९० |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| वारुण यन्त्र दमकल | ५२००९७ |
| नेपाल विद्युत वितरण केन्द्र ,गौशाला | ५५६०८९ |
| रेडीयो जुनतारा १०३.४ मेगाहर्ज ,गौशाला | ९८१९६४६८२५ |

# किन हुन्छ पत्थरी ?



मानिसको शरिरमा दुईवटा किड्नी हुन्छ। हामीले खाएको पानी फिल्टर गर्ने काम किड्नीको हो । हामीले खाएको पानी किड्नीले फिल्टर गरेर पिसावको माध्यामबाट बाहिर फाल्छौं। जब हामी हामीले कम पानी खान्छौं, त्यति नै शरिरमा पानीको मात्रा कम हुन जान्छ। पानीको मात्रा कम हुँदा पिसाव कम हुन्छ। जब शरिरमा पानी र पिसावको मात्रा कम हुन्छ, तब किड्नीमा पत्थरी बन्ने सम्भावना बढ्दै जान्छ । ६/७ मिलिमिटरसम्मको पत्थरी धेरै पानी पिउँदा आफैं बगेर जाने सम्भावना हुन्छ। त्योभन्दा बढी पत्थरी भयो भने शल्यक्रिया गर्नुपर्ने अवस्था आउँछ।

पानी कम खाने, बढी गर्मीमा काम गर्ने, पसिना धेरै बग्ने तर पानी कम खाने व्यक्तिमा मिर्गौला सम्बन्धी पत्थरी धेरै देखिने गर्छ। कतिपय अवस्थामा यो समस्या हुनाको कारण थाहा नभए पनि शारीरिक व्यायाम कम गर्ने तथा आरामदायी जीवन बिताउने मानिसमा पनि यो समस्या देखिने गरेको पाइन्छ।

उपचार विधि

पत्थरीको आकार, पत्थरीको स्थान र बिरामीको अवस्थामा पत्थरीको उपचार प्रक्रिया निर्भर रहन्छ। बिरामीमा पत्थरी कस्तो किसिमको हो भन्ने कुरामा उपचार फरक पर्छ। किनकि कुनै पत्थरी बालुवाजस्तो नरम हुने र कुनै पत्थरी ढुंगाजस्तो साह्रो हुने भएकाले कुन विधिबाट उपचार सफल हुन्छ भन्ने कुरामा विचार पुर्यापउनुपर्ने हुन्छ।

किड्नीमा पत्थरी जम्न नदिनका लागि धेरै मात्रामा झोल कुराको सेवन गर्नुपर्ने हुन्छ। दुई सेन्टिमिटरसम्मको पत्थरीलाई हामीले घाउ नबनाइकन पिसावको नलीबाट गएर लेजरको माध्यामबाट ढुंगालाई फुटालेर बाहिर निकालिन्छ । जसलाई आरआइआरएस विधि भनिन्छ। दुई सेन्टिमिटरभन्दा बढी पत्थरी भएमा हामीले सानो प्वाल बनाईकन फुटालेर बाहिर निकालिन्छ। जसलाई पीसीएनएल भनिन्छ। अहिले शल्यक्रिया गरेर पत्थरी निकाल्ने क्रम भने हराउँदै गएको छ ।


## गौशाला कान उपचार केन्द्र

गौशाला- ५ ,महोत्तरी

( निगौल गाई गौशाला -५ गोरु बजार नजिक नँया भवनको माथिलो तल्लामा )

**सम्पर्क न. ९८१४७८६९२१ , ९८१५७४६३१५**

**हाम्रो सेवाहरु**

१ ओ.पि.डी सेवा प्रत्येक दिन (बिहान १० हजे देखि ४ बजे सम्म )

२ गौशालामा ओ.पि.डी सेवा प्रत्येक दिन सोमबार र विहिबार (बिहान १० हजे देखि ४ बजे सम्म )

३ जर्मनी अटोस्कोप मेशिनद्वारा कान जांच गरिन्छ ।

४ कान कम सुन्नेहरूलाई डिजिटल मेशिनद्वारा श्रवन परिक्षण गरिन्छ ।

५ कान कम सुन्नेलाई श्रवन यन्त्र ( hearing aid ) पाइन्छ ।

६ कानको जालीमा प्वाल परेको /हड्डी कुहिएको ,मासु पलाएको कानमा पनि जमेको,काम कम सुन्ने कान कान रोगीहरुलाई (ENT surgeon )द्वारा अप्रेशन पनि गरिन्छ॥

**साथै : कान पाक्ने (पिप आउने) कान दुख्ने,कान कम सुन्ने कान कराउने ,कान चिलाउने जस्ता रोगीहरुले समयमै कान जांच गराई बहिरोपन हुन् बात बाँचौ र अरुलाई पनि बाचाऔ ।**

## बर्दिबास कान उपचार केन्द्र प्रा.लि.

बर्दिबास -१४ बजार मन्दिर नजिक,महोत्तरी

सम्पर्क न. ९८४०९०१३५३ , ९८१५७४६३१५


## दैनिक राशिफल

**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) तर्क र विवादमा राम्रो सफलता मिल्नेछ।

**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, हा) आज कडा परिश्रम व्यर्थै खेर जान सक्छ। वैदेशिक कार्यमा अवरोध हुनेछ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। परिवारजनको साथले नयाँ आशा पलाउनेछ।

**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) आज अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइने छ।

**धनु** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) आज लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ। जग्गाजमिनको कारोबारबाट राम्रो फाइदा हुनेछ।

**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आजको दिन मनोरञ्जनपूर्ण समय रहला। सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ।

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) आज रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज तपाईंको सामान हराउन सक्छ। सहयोग गर्नेहरूले झुक्याउन सक्छन्, सावधान रहनुहोला।

**कन्या** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) आज नयाँ र महत्त्वपूर्ण कार्यको थालनी हुनेछ। वैदेशिक क्षेत्रका कार्य अघि बढ्नेछ।

**वृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) आज शुभकार्य तथा सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ।

**मकर** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) मठमन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ।

**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) यात्रामा मालसामान हराउन सक्छ। कार्य सम्पादनमा समस्या आउला। साँझमा पैसा खर्च हुने योग छ।

# श्रीमानले गरे श्रीमतीको हत्या




समान्य विवाद हुँदा रौतहटमा श्रीमानले श्रीमतीको हत्या गरेका छन् ।घाँस काट्ने विषयमा विवाद हुँदा ४० वर्षीय तीर्थ वाइबाले ३५ वर्षीया श्रीमती सोतीमाया वाइबाको हत्या(ानचमभच) गरेका हुन्। वृन्दावन नगरपालिका १ का वाइवाले हँसिया प्रहार गरी श्रीमतीको हत्या गरेको प्रहरीले जनाएको छ ।घाँस काट्ने क्रममा श्रीमान-श्रीमतीबीच विवाद भएको थियो । एक आपसमा गालीगलोज सुरु हुन थालेपछि तीर्थले श्रीमतीको घाँटीमा हँसिया प्रहार गरेका थिए । हँसिया प्रहारबाट सोतीमायाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।श्रीमतीको हत्यापछि तीर्थले पनि आत्महत्याको प्रयास गरेका थिए। तीर्थले आफ्नै घाँटीमा हँसियाले रेटेको अवस्थामा नियन्त्रणमा लिएको छ। तीर्थले घटनाका बेला मादक पदार्थ सेवन(म्चगलप) गरेको प्रहरीको भनाई छ।

# अमेरिकामा ४ जनाको हत्या



अमेरिकाको इलिनोइस राज्यमा एक व्यक्तिले धारिलो हतियार प्रहार गरी चार जनाको हत्या गरेका छन्। आक्रमणमा परी सात जना घाइते छन् ।राकफोर्ड शहरका प्रहरी प्रमुख कार्ला रेडका अनुसार एक जना २२ वर्षीय युवकले चक्कु प्रहार गरेका थिए ।

चक्कु प्रहारबाट दुई महिला र दुई पुरुषको मृत्यु भएको छ। उनीहरु १५ देखि ६३ वर्ष उमेर समूहका छन् । घाइतेमध्ये एकजनाको अवस्था गम्भीर छ ।आक्रमण गर्ने व्यक्तिलाई प्रहरीले पक्राउ गरेर अनुसन्धान सुरु गरेको छ । प्रहरीका अनुसार हत्याको कारण खुलेको छैन ।


**भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।**

PG To Grade 6

ADMISSION OPEN

नेपाल सरकार द्वारा मान्यता प्राप्त

*"Excellent education is our passion"*

## जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल

**शतप्रतिशत शैक्षिक गुणस्तरको ग्यारेन्टी,**
**आधुनिक शिक्षा पद्धति र बालमैत्री वातावरण भएको,**
**जि.डी.एम. स्कूल, अब तपाईंकै शहरमा हार्दिक स्वागत गर्दछौं।**

**हाम्रा विशेषताहरू:**

- खुल्ला प्रतियोगिताद्वारा छनौट गरि नियुक्त गरिएको शिक्षक, शिक्षिकाद्वारा पठनपाठन गराईने,
- शान्त, स्वच्छ र अनुशासित शैक्षिक वातावरण भएको,
- विद्यालय प्राङ्गणमै, यथेस्ट खेल मैदान भएको,
- Montessori, Play Group तथा Smart Class को उचित व्यवस्था भएको,
- कक्षा १ देखि नै कम्प्यूटर शिक्षा Theoritical & Practical ज्ञान दिने,
- नियमित Music, Dance, Games, जस्ता अतिरिक्त क्रियाकलाप को व्यवस्था गरिएको,
- गुणस्तरीय पुस्तककालयको (E-Library) को व्यवस्था भएको,
- कक्षा अनुगमनका लागि CCTV क्यामेराको साथै Security System को व्यवस्था गरिएको,
- शिक्षण सुलभ बनाउन Free Internet / Library को व्यवस्था गरिएको,
- Projector द्वारा Class Prepration & Class Motivation शिक्षणको व्यवस्था गरिएको,
- गौशाला बजार तथा अन्य ठाउँमा यातायातको व्यवस्था गरिएको,
- Hostel/Day Hostel को उचित व्यवस्था भएको,

***Why choose us?***

- Nurturing Environment
- Experienced Educators
- Playful Learning
- Holistic Development
- Child-centric learning
- Well-equipped Computer Lab
- Child friendly, clean & safe invironment
- Kids club & Audio-Visual system
- Mud station, play station & many

## जि.डी.एम. ईङ्गलिश बोर्डिङ्ग स्कूल

G.D.M. ENGLISH BOARDING SCHOOL

संस्कारयुक्त शिक्षा

PG To Grade 6

Gaushala-5, Mahottari Near to Brahamsthan

Contact.-9801605172, 9815840565, 9867807469

gdmenglishboardingschool@gmail.com G.D.memorial english boarding school

# विश्वकपको यात्रा गर्नु खुशीको क्षण : प्रशिक्षक मोन्टी देसाई



काठमाडौं । नेपाली क्रिकेट टोलीका प्रशिक्षक मोन्टी देसाईले विश्वकप यात्रा गर्नु सबैभन्दा खुशीको क्षण रहेको उल्लेख गर्दै सबै जना नेपाली क्रिकेटमा नयाँ इतिहास रच्न आतुर रहेको बताए ।

आइसिसी ट्वान्टी-२० विश्वकपको तयारीस्वरूप भारतको राज्यस्तरका टोलीसँग ट्वान्टी-२० प्रतियोगिता खेल्ने जाने नेपाली क्रिकेट टोलीको बिदाई कार्यक्रममा प्रशिक्षक देसाईले सो धारणा राखेका हुन् ।

नेपालले विश्वकप अगाडि संयुक्त अरब इमिरेट्स (युएई)मा एसिसी प्रिमियर लिग तथा भारतका बरोडा र गुजराजतको टोलीसँग एसएमएस फ्रेण्डसिप कप खेल्दैछ । सोही प्रतियोगिता अगाडिको बिदाई कार्यक्रममा देसाईले एसिसी प्रिमियर कप अगाडि भारतमा हुने प्रतियोगिता नेपालका लागि फलदायी हुने विश्वास व्यक्त गरे ।

यो प्रतियोगिताका लागि क्यानले पनि धेरै मेहनत गरेको प्रशिक्षकको भनाइ छ । डिफेन्डिङ च्याम्पियनका रूपमा एसिसी प्रिमियर लिगको यस संस्करणमा सहभागी हुने भएकाले आफ्नो टोली उत्साहित रहेको बताए ।

डिफेन्डिङ च्याम्पियनको लक्ष्य पनि तय भइसकेको उनले बताए । मोन्टीले पछिल्लो वर्ष नेपालका लागि राम्रो रहेको र आगामी वर्ष पनि राम्रो रहने विश्वास व्यक्त गरे ।

नेपाली क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडलले सरकारले घोषणा गरेको पुरस्कार रकममध्ये ५०/६० प्रतिशत मात्र पाएको उल्लेख गर्दै ट्वान्टी-२० विश्वकप अगाडि नै ती पुरस्कार पाउनेमा आफू विश्वस्त रहेको बताए । एसिसी प्रिमियर कप महत्वपूर्ण रहेको बताउँदै रोहितले राम्रो नतिजासहित देश फर्कने विश्वास व्यक्त गरे ।

युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले पाउनुपर्ने कुरा समयमा नपाउँदा मन नै मर्नसक्ने उल्लेख गर्दै उत्कृष्ट मनोबलका साथ खेल्न शुभकामना दिए । साथै उनले बढाउन आफू लागिपरिरहेको धारणा राखे । क्यानका सचिव पारस खड्काले ट्वान्टी-२० विश्वकप तयारीका क्रममा रहेकाले गुजरातमा हुने प्रतियोगिता महत्वपूर्ण हुने बताए । क्यानले बिहीवार खेलाडीको बिदाई गरेको हो ।

बिदाई कार्यक्रममा युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ, क्यान सचिव पारस खड्का, महाप्रवन्धक उत्सव ढुङ्गाना लगातयको उपस्थिति थियो । फ्रेण्डसिप कप उक्त आगामी मार्च ३१ देखि अप्रिल ७ सम्म हुने छ ।

गुजरात तथा अप्रिल २ र ५ मा बरोडासँग खेल्ने छ । लिग चरणमा एक अर्कासँग दुई खेल खेलपछि शीर्ष दुई टोली उपाधिका लागि भिड्ने छन् ।

यो प्रतियोगिताअघि नेपालले घरेलु मैदानमा आयरल्याण्ड 'ए' विरुद्ध दुई खेलको श्रृंखलामा 'क्लिन स्विप' गरेको थियो । ट्वान्टी २० विश्वकप जुन १ देखि अमेरिका र वेस्टइण्डिजमा सुरु हुँदैछ ।

समूह 'डी' मा नेपाल, दक्षिण अफ्रिका, श्रीलंका, बंगलादेश र नेदरल्याण्ड्स छन् ।

# बिजुली ल्याउने सम्झौता तीन महिनाका लागि मात्रै नवीकरण



भारतबाट नेपालमा बिजुली आयात गर्ने सम्झौता नवीकरण भएको छ। नेपाल विद्युत प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोषले तीन महिनाका लागि मात्रै सम्झौता नवीकरण भएको बताए।

सम्झौता नवीकरण भएको मितिले असार दोस्रो सातासम्म नेपालले भारतबाट बिजुली आयात गर्न सक्छ। एक वर्षका लागि सम्झौता हुनुपर्नेमा यो पटक तीन महिनाका लागि मात्रै भएको हो।

भारतले किन तीन महिनाका लागि मात्रै सम्झौता गरेको हो भन्ने विषयमा प्राधिकरणले कारण खुलाएको छैन।

'जे हुन्छ राम्रैका लागि हुन्छ। तीन महिनाका लागि सम्झौता नवीकरण हुनु पनि राम्रो विषय हो। तीन महिनापछि नेपालको उत्पादन बढ्न सक्छ। त्यहाँबाट ल्याउनु पर्ने बिजुलीको परिमाण कम हुन सक्छ,' प्रवक्ता घोषलेभने।

यसअघि भारतबाट बिजुली आयात गर्ने अनुमति नवीकरण नहुँदा नेपालले फेरि लोडसेडिङको जोखिम खेप्नुपर्ने हो कि भन्ने प्रश्न उठिरहेको थियो।

नेपालले भारतको डे अहेड बजारबाट बिजुली खरिद गर्दै आएको छ। यो बजारबाट बिजुली खरिदका लागि नेपालले २०७८ वैसाखमा अनुमति पाएको थियो।

पाँच वर्षका लागि भएको उक्त अनुमति हरेक वर्ष नवीकरण हुँदै आएको थियो।


## लामखुट्टेबाट जोगिने र लामखुट्टे नियन्त्रण गर्ने उपायहरू



- पूरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने



- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने



- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- साझँ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने



**रामगोपालपुर नगरपालिका**
**रामगोपालपुर ,महोत्तरी**

## भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥

**सरस्वति पुजाको अवसरमा यस राम जानकी इंगलिस बोर्डिंग स्कूल सम्पूर्ण गौशाला नगरवासी , विद्यार्थी भाईबहिनि तथा अभिभावकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । यस स्कूलमा माध्यमिक तहमा नया/ शैक्षिक सत्र २०८१ बाट प्रवेश गरेको अवसरमा कक्षा ९ को लागि सरस्वति पुजा देखि वैशाख मसान्तसम्म निःशुल्क भर्ना गरिनेछ ।यस अवसरमा आना नानीबाबुहरुलाई समयमानै भर्ना गराई मौकाको फाइदा लिनुहुन अनुरोध गर्दछौं ।**

**हाम्रा बिशेषताहरु** **निःशुल्क**



- दक्ष ,अनुभवी एवं तालिमप्राप्त शिक्षकहरुद्वारा प्रयोगात्मक विधिबाट अध्यापन
- विद्यालय प्राणमै यथेष्ट खेल मैदान
- पुस्तकालयको व्यवस्था
- जेहन्दार मेहनेती शहिद परिवार,दलित ,फरक क्षमता तथा विपन्न पारिवारका विध्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था
- शान्त स्वच्छ र अनुशासित शैक्षिक बातावरण भएको
- डे बोडर्स तथा नाइट बोर्डर्सको व्यवस्था
- कम्प्युटर कक्षाको व्यवस्था

**राम जानकी इंगलिस बोर्डिंग स्कूल**
**गौशाला –४ जिरोमाइल**



**प्रिन्सिपल : उमेश कुशवाहा**
**सम्पर्क न. ९८४४०२७१३० ९८१८१८८७६६**

**"गौशाला नगरवासीको सान राम जानकी इंगलिस बोर्डिंग स्कूलको पहिचान"**


गौशाला खबर उज्यालो नेपालद्वारा संचालित, अध्यक्ष : निरन्जन कुमार साह कार्यालय :गौशाला न.पा.५ ,महोत्तरी ,सम्पादक : सूर्यनारायण साह , **कार्यकारी सम्पादक :भाग्यरेखा ठाकुर**
**email:gaushalakhabar6684@gmail.com** मुद्रक :रि -स्टार अफसेट प्रेस ,गौशाला सम्पर्क न. :९८४४१०१९०८,९८२७८५३६५०